**मिति २०७८ चैत्र २५ गते (वि.सं. २०७८।१२।२५) सुक्रबार तुलसीपुर उपमहानगरपालिकाको १२८औं कार्यपालिका बैठका निर्णयहरु :**

निर्णय नं. १

तुलसीपुर उपमहानगरपालिका वडा नं. ४ मा सञ्चालित श्री गुरुजजुर उ.मा.बि.को गुरुयोजना २०७८ स्वीकृत गर्ने निर्णय गरियो ।

निर्णय नं. २

तुलसीपुर उपमहानगरपालिका १८ नं. वडा कार्यालयको आ.ब. २०७६/०७७ को स्वीकृत कार्यक्रम अनुसार बिजौरीमा जेष्ठ नागरिक भवन निर्माण गरे वापत न्यू अस्टीना निर्माण सेवा लाई मिति २०७७।३।१९ गतेको गो.भौ नं. ७७ बाट भुक्तानी गर्दा जम्मा गर्ने पर्ने धरौटी रकम रु २०८७८।( बीसहजार आठ सय अठहत्तर मात्र) भूलबस धरौटी खातामा जम्मा नभै यस उपमहानगरपालिकाको आन्तरिक राजश्व खातामा जम्मा भएकोले धरौटी फिर्ताका लागि १८ नं. वडा कार्यालयको मिति २०७८।१२।१३ च.नं. ६०९६ को पत्रबाट अनुरोध भई आएकोले उक्त रकम रु २०८७८।(बीसहजार आठ सय अठहत्तर मात्र) फिर्ता गर्ने निर्णय गरियो ।

निर्णय नं. ३

तुलसीपुर उपमहानगरपालिकाका उपप्रमुख तथा अनुगमन समितिका संयोजक मांया शर्मा ज्युको अध्यक्षतामा मिति २०७८।१२।१६ गते बसेको बजार अनुगमन समितिको बैठकको निर्णयबाट तुलसीपुर बजारलाई पुर्बमा हात्तिखौवा, पश्चिम भ्याली पेट्रोल पम्म ,उत्तर डाडापातु र दक्षिणमा गुम्राह चोक सम्म बजार स्वागत बोर्ड राख्ने निर्णय भएकोले सोहि बमोजिम कार्य गर्ने निर्णय गरियो ।

निर्णय: ४

तुलसीपुर उपमहानगरपालिकामा प्रचलित कानुन बमोजिम अबिछिन्न रुपमा अस्थायी सेवामा कार्य गरी पछि नियमानुसार स्थायी भएका कर्मचारीहरुको उपदान प्रयोजनको लागि मात्र तपसिल बमोजिकका कर्मचारीहरुको अस्थायी सेवा अवधि गणना गर्ने निर्णय गरियो ।

तपसिल

१ ललित बहादुर घर्ती

२.टोप बहादुर डागी

३.तुलाराम केसी

४.नर्मदा पोखेल

५.सुनिता पाण्डे

६.यमनारायण रेग्मी

७.उषा न्यौपाने

८.खगराज भट्टराई

**निर्णय: ५**

तुलसीपुर उपमहानगरपालिका वडा नं. ४ मा सञ्चालित सामुदायीक स्वास्थ्य ईकाईमा कार्यरत अ.हे.ब. १, अ.न.मि.१ र कार्यालय सहयोगी १ जनाको सेवा तथा पारिश्रमिका सम्बन्धमा अध्ययन गर्न मिति २०७८।१०।१० गते बसेको नगरकार्यपालिकाको बैठकबाट गठित अध्ययन टोलिद्धारा प्रस्तुत अध्ययन प्रतिवेदन अनमोदन गर्दै निजहरुलाई २०७८/०७९ को पारिश्रमिक तुलसीपुर उपमहानगरपालिकाको चालु आ.ब.को आन्तरिक श्रोतबाट भुक्तानी दिने निर्णय गरियो । साथै तुलसीपुर उपमहानगरपालिकाका वडा नं. १ देखि १९ सम्मका स्वास्थ्य संस्थाहरुको भौतिक अवस्था तथा जनशक्तिको यर्थाथ अध्ययन गरी प्रतिवेदन पेश गर्न तपसिलको समितिलाई जिम्मेवारी प्रदान गर्ने निर्णय गरियो ।

तपसिल

| | |
|---|---|
| १.श्री सूर्यबहादुर डागी | संयोजक |
| २.श्री बासुदेव अधिकारी | सदस्य |
| ३. श्री बिष्णु कुमारी आचार्य | सदस्य |
| ४.श्री शिव कुमार शर्मा | सदस्य |
| ५. श्री झरेन्द्र कुमार खरेल | सदस्य सचिव |

**निर्णय नं. ६**

तुलसीपुर उपमहानगरपालिका फोहरमैला व्यवस्थापन कार्यबिधि,२०७८ स्वीकृत गर्ने निर्णय गरियो ।

मिति २०७८ चैत्र २५ गते (वि.सं. २०७८।१२।२५) सुक्रबार तुलसीपुर उपमहानगरपालिकाको १२८औं कार्यपालिका बैठका निर्णयहरु :

**निर्णय नं. ७**

दाङ्ग शान्तिनगर गा.पा. वडा नं. ४ घर भई हाल तुलसीपुर उपमहानगरपालिका वडा नं. ६ बस्ने रेवता कुमारी पाण्डे रेग्मी बर्ष ४६ बिरुद्ध तुलसीपुर उपमहानगरपालिकाका नगरप्रमुख श्री घनश्याम पाण्डे, तुलसीपुर उपमहानगरपालिका वडा नं. ६ वडा अध्यक्ष श्री नवराज लामीछाने समेत भएको श्री सम्मानीत उच्च अदालत तुलसीपुर बाट मिति २०७८।१२।२५ गते म्याद तामेल भएको रिट नं. ०७८-DP-००९९ मा प्रतिउत्तर दर्ता गर्न र तारेखमा समेत रहनका लागि यस कार्यालयका सहायक स्तर पांचौ तहमा कार्यरत श्री हुमबहादुर बिक लाई प्रतिनिधि तोक्ने निर्णय गरियो

**निर्णय नं. ८**

तपसिलको कम्पनीले आवश्यक प्रकृया पुरा गरी घ बर्गको निर्माण ब्यवसायी ईजाजत पत्र माग गरेकोले तुलसीपुर उपमहानगरपालिका **घ** बर्गको निर्माण ब्यवसायी ईजाजत पत्र सम्मबन्धी कार्यबिधिको दफा २ अनुसार घ बर्गको ईजाजत पत्र दिने निर्णय गरियो ।

क)बिर भद्रकाली कन्ट्रक्सन प्रा.लि. तुलसीपुर १८ प्रो.कृष्ण प्रसाद भुसाल

**निर्णय नं. ९**

तुलसीपुर उपमहानगरपालिकाको ठेक्का नं. रा.३०/२०७८/०७९ को बिजेश्वरी कन्ट्रक्सन सेवाको धरौटी रकम रु १५००००।(एकलाख पचासहजार) रकम भुलबस धरौटी खातामा जम्मा हुनु पर्नेमा यस उपमहानगरपालिकाको आन्तरिक खातामा जम्मा भएकोले सो रकम फिर्ता गर्ने निर्णय गरियो ।

**निर्णय नं. १०**

तुलसीपुर उपमहानगरपालिका वडा नं. ५ मा सञ्चालित पार्क क्याफेको बढेको भाडादर असुल गर्ने गरी २०७८ असार मसान्त सम्म पुरानै ठेकेदार संग संभौता गर्ने निर्णय गरियो ।

**निर्णय नं. ११**

तुलसीपुर उपमहानगरपालिकाको ३०औं स्थापना दिवश भब्य रुपमा मनाउने सोको लागि सुशासन समितिको अगुवाईमा कोरोनाको समयमा यस उपमहानगरपालिकालाई आर्थिक,भौतिक सहयोग गर्ने महानुभावहरुलाई सम्मान गर्ने निर्णय गरियो ।

मोहन पौडेल
प्रमुख प्रशासकीय अधिकृत

घनश्याम पाण्डे
प्रमुख

**मिति २०७८ चैत्र २५ गते (वि.सं. २०७८।१२।२५) सुक्रबार तुलसीपुर उपमहानगरपालिकाको १२८औं कार्यपालिका बैठका निर्णयहरु :**

**निर्णय नं. १२**

तुलसीपुर उपमहानगरपालिका स्थानीय राजपत्र प्रकाशन सम्बन्धी कार्यविधि,२०७४ को दफा ४ अनुसूचि २ मा पहिलो संशोधन गरी तुलसीपुर उपमहानगरपालिकाको नगरसभाबाट स्वीकृत लोगो समेत राखी समावेश गर्ने निर्णय गरियो ।

**निर्णय नं. १३**

तुलसीपुर उपमहानगरपालिका बिपद पोर्टल सञ्चालन तथा ब्यवस्थापन सम्बन्धी कार्यबिधि,२०७८ स्वीकृत गर्ने निर्णय गरियो ।

**निर्णय नं. १४**

तुलसीपुर उपमहानगरपालिका खानेपानी गुणस्तर अनुगमन कार्यबिधि,२०७८ स्वीकृत गर्ने निर्णय गरियो

**निर्णय नं. १५**

तुलसीपुर उपमहानगरपालिका सुरक्षित खानेपानीयुक्त समुदाय घोषणा सम्बन्धी निर्देशिका,२०७८ स्वीकृत गर्ने निर्णय गरियो ।

**निर्णय नं. १६**

तुलसीपुर उपमहानगरपालिका र स्पेनको बिवबाओ सिटी बीचको भगिनि सम्बन्ध(Sister City) कायम गर्ने सम्बन्धमा नेपालसरकारले गरेको योगदानको उच्च सम्मान सहित हार्दिक धन्यबाद दिंदै संझौताका लागि आवश्यक पत्राचार गर्ने सोको समन्वयका लागि तपसिलको समिति गठन गर्ने निर्णय गरियो ।

**तपसिल**

| | |
|---|---|
| १.नगर प्रमुख | संयोजक |
| २.उपप्रमुख | सदस्य |
| ३.प्रमुख प्रशासकीय अधिकृत | सदस्य |

मोहन पौडेल
प्रमुख प्रशासकीय अधिकृत

घनश्याम पाण्डे
प्रमुख

मिति २०७८ चैत्र २५ गते (वि.सं. २०७८।१२।२५) सुक्रबार तुलसीपुर उपमहानगरपालिकाको १२८औं कार्यपालिका बैठका निर्णयहरु :

४.जीबन थापा सदस्य

५.शिव थापा सदस्य

६.कुमार लामीछाने सदस्य(संयोजक सामाजिक बिकास समिति)

७.नवराज लामीछाने सदस्य(संयोजक वातावरण तथा बिपद व्यवस्थापन समिति)

निर्णय नं. १७

तुलसीपुर उपमहानगरपालिकाको फोहरमैला व्यवस्थापन TOR स्वीकृत गर्ने साथै तुलसीपुरको फोहरमैला लाई सार्वजिक,निजि,साझेदारीमा व्यवस्थापनका लागि सार्वजनिक सूचना आवहान गर्ने सोको जिम्मेवारी प्रमुख प्रशासकीय अधिकृतलाई दिने निर्णय गरियो ।

निर्णय नं. १८

नेपाल बिद्युत प्राधिकरण तुलसीपुर शाखाको मिति २०७८।९।२१ च.नं. ४८९ को पत्रबाट यस तुलसीपुर उपमहानगरपालिकाको क्षेत्र भित्र जडान गरी बालिएका सडक बत्तिहरुको बक्यौता रकम रु ८५,९२,००४।(पचासी लाख बयानब्बे हजार चार रुपैया) माग गरेकोले यस तुलसीपुर उपमहानगरपालिकाले हालसम्म १९ वटै वडामा गाडिएका पोल,पोल गाडिएको स्थान र तार समेतको मुल्याङ्कन गरी सोबाट आउने रकम समायोजन गर्ने निर्णय गरियो ।

निर्णय नं. १९

तुलसीपुर उपमहानगरपालिकाको संगठन तथा व्यवस्थापन सर्भेक्षण प्रतिवेदन(O&M) २०७८ स्वीकृत गर्ने निर्णय गरियो ।